**लोक सेवा आयोग**
**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड  डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, नायव प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

# परीक्षा योजना (Examination Scheme)

## १. यस पाठ्यक्रमलाई दुई भागमा विभाजन गरिएको छ।

| भाग | परीक्षा | विषय | अङ्क भार | प्रश्न संख्या | समय | परीक्षा प्रणाली | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| १ | लिखित | खण्ड (क) सामान्य विषय (सबै समूहका लागि अनिवार्य) | ५० | २५ | ४५ मिनेट | वस्तुगत वहुउत्तर | १०० | ४० |
| | | (खण्ड ख) समूह सम्बन्धी विषय (प्रत्येक समूहका लागि छुट्टाछुट्टै) | ५० | २५ | | | | |
| २ | अन्तर्वार्ता | | | | | | २० | |

२. पाठ्यक्रमको कुनै खण्डमा एकाइ र प्रश्न संख्या छुट्याइएकोमा सोही वमोजिम र यसरी नछुट्याएकोमा यथासम्भव सबै एकाइबाट प्रश्नहरु सोधिनेछन्।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनसक्नेछ।

४. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नहरुको उत्तर सही दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अङ्क प्रदान गरिनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अर्थात् ०.४ अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

५. यस पाठयक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ (तीन) महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्दछ।

७. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

८. पाठ्यक्रम लागू मिति - २०५८/९/१७

**लोक सेवा आयोग**
**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, नायब प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## खण्ड (क) सामान्य विषय (सबै समूहका लागि अनिवार्य)

**प्रश्नसंख्या :- २५** **अङ्क :- ५०**

१. नेपालको अर्थतन्त्रमा कृषिक्षेत्रको महत्व ।
२. नेपालको भौगोलिक विविधता सुहाउँदो अन्नबाली, औद्योगिकबाली, फलफूल, तरकारी, पशपंक्षी तथा मत्स्य विकास कार्यक्रम ।
३. कृषि विभाग/पशु सेवा विभागको वर्तमान संगठनात्मक संरचना ।
४. कृषि विकास कार्यक्रममा संलग्न विभिन्न निकायहरुको योगदान ।
५. जिल्ला र सेवाकेन्द्र/उपकेन्द्र स्तरीय Profile तयार गर्ने तरीका र यसको महत्व ।
६. आधुनिक कृषि प्रविधि प्रयोगबाट वातावरणमा पर्ने प्रभाव ।
७. कृषक समूह गठन तथा परिचालन ।
८. कृषि विकासमा महिला कृषकको भूमिका र महिला कृषक विकास कार्यक्रम ।
९. कृषि उपज बढाउन बजारको भूमिका ।
१०. नेपालमा कृषि/पशु विकासका समस्याहरु तथा समाधानको लागि अनुसन्धानको महत्व ।
११. कृषि विकासमा गैरसरकारी, निजी एवं सरकारी निकायहरु बीचको अन्तरसम्बन्ध ।
१२. कृषि/पशु प्रसारमा उपयोग गरिने विभिन्न प्रसार तरीकाहरु र तिनको तुलनात्मक फाइदा र कमजोरीहरु ।
१३. कृषि विकास र विकेन्द्रीकरण ।
१४. कृषि विकास र सहकारीकरण ।

## खण्ड (ख) एगृ.इको.एण्ड मार्केटिङ्ग समूह सम्बन्धी विषय

**प्रश्नसंख्या :- २५** **अङ्क :- ५०**

१. अर्थशास्त्रको परिचय ।
२. आवधिक योजनाको परिचय ।
३. दीर्घकालीन कृषि योजनाको अवधारणा ।
४. कृषि विकासमा बजारको महत्व ।
५. फार्मगेट, थोक तथा खुद्रा मुल्यको परिचय ।
६. समूह बजार तथा हाट बजारको परिचय र कृषि विकासमा यसको योगदान ।
७. कृषि बालीको उत्पादन लागतको परिचय ।
८. सामान्य औसत तथा भारित औसत प्रतिशत निकाल्ने तरिका ।
९. तथ्यांक संकलनमा प्राथमिक तथ्यांक (Primary data) र सहायक तथ्यांक (Secondary data) को परिचय र श्रोतहरु ।
१०. नेपालको परिप्रेक्षमा कृषि विकासमा महिला वर्गको योगदान ।
११. चालु पञ्चवर्षीय योजनामा कृषि विकासका उद्देश्यहरु ।
१२. तथ्यांकन संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरु ।
१३ कृषि उद्यम (Agri business) को परिचय ।
१४. नेपालमा वस्तुगत कृषि उपजहरुको बजार प्रणाली बारे जानकारी ।

**नमूना प्रश्नहरु**

१. नेपालमा कृषि विकासको मुख्य उद्देश्य के हो ?
(क) कृषि विकासका कार्यक्रमहरुलाई नियन्त्रण गर्ने
(ख) कृषि विकासका सेवा प्रभावकारी रुपमा लक्षित वर्ग समक्ष पुऱ्याउने
(ग) गरिबी निवारणमा योगदान पुऱ्याउने
(घ) ग्रामीण उद्योगको विकासमा तीब्रता ल्याउने

२. तलको कुन चाहि मूल्य थोक मूल्य हेन ?
(क) कालीमाटीका व्यापारीले खुद्रा व्यापारीलाई विक्री गर्दाको मूल्य
(ख) लालबन्दीमा संकलनकर्ताले आपूर्तिकर्तालाई विक्री गर्दाको मूल्य
(ग) विर्तामोडमा व्यापारीले अस्पतालका ठेकेदारलाई विक्री गर्दाको मूल्य
(घ) जनकपुरमा खुद्रा व्यापारीले विक्री गर्दाको मूल्य

३. कुन चाहिं बजार स्थललाई ग्रामीण बजारको रुपमा लिइन्छ ?
(क) कृषि थोक बजार (ख) हाट बजार (ग) कृषि सामग्री बजार (घ) खुद्रा विक्री कक्ष

४. सबैभन्दा धैरै हाटबजार रहेको विकास क्षेत्र कुन हो ?
(क) पूर्वाञ्चल (ख) मध्यमाञ्चल (ग) मध्यपश्चिमाञ्चल (घ) सुदूर पश्चिमाञ्चल

५. खाद्य सुरक्षा भन्नाले के बुझिन्छ ?
(क) आवश्यक मात्रामा खाद्यान्न उत्पादन गर्नु
(ख) आवश्यक मात्रामा पौष्टिक वस्तुको उत्पादन गर्नु
(ग) आवश्यक मात्रामा खाद्यान्न संचय गर्नु
(घ) आवश्यक मात्रामा खाद्य वस्तु उत्पादन, वितरण र उपभोग हुनु